# शारदा राजपत्र

## शारदा नगरपालिकाद्वारा प्रकाशित

खण्ड:१) सल्यान असार २ गते, २०७९ साल

## शारदा नगरपालिका
## शार्वजनिक शौचालय संचालन तथा ब्यवस्थापन कार्यविधि २०७९

**प्रस्तावना :-**

नेपालको संविधानले स्थानियलाई सुम्पिएको संबैधानिक कर्तव्य पालना गर्दै स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने नागरिकको संबैधानिकहकको प्रत्याभूतिका लागि तथा स्थानिय तहले आफ्ना नागरिक प्रतिको जिम्मेवारी पूरा गर्ने क्रममा महिला, बालबालिका, जेष्ठ नागरिक र फरक क्षमता भएका (अपाङ्ग) मानिसहरुले समेत सजिलै प्रयोग गर्न सक्ने सुविधायुक्त एवं पहुँचयुक्त वातावरणमैत्री शार्वजनिक शौचालय संचालन र दिगो व्यवस्थापन गर्न संचालन र व्यवस्थापन कार्यविधि २०७९ तर्जुमा गरी लागु गर्न आबश्यक पर्ने भएकोले शारदा नगरपालिका नगर कार्यपालिका बाट स्वीकृत गरी कार्यविधि जारी गरिएको छ ।

परिच्छेद–१

## नाम र परिभाषा

**१) संक्षिप्त नाम र प्रारम्भः** यस मार्गदर्शन नाम सार्वजनिक शौचालय संचालन र व्यवस्थापन कार्यविधि, २०७९ रहेको छ। यो कार्यविधि शारदा नगरपालिकाको नगर कार्यपालिकाले निर्णय गरी स्थानिय राजपत्रमा प्रकाशित भएको मितिबाट प्रारम्भ हुने छ ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क) **"ऐन"** भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लाई सम्झनु पर्दछ ।

ख) **"नगरपलिका"**भन्नाले शारदा नगरपालिकालाई सम्झनुपर्दछ ।

ग) **"शाखा"** भन्नले शारदा नगर पालिका अनर्तगत सार्वजनिक शौचालय रेखदेख, सञ्चालन र व्यवस्थापन गर्न तोकेको एकाई वा शाखालाई सम्झनु पर्दछ ।

घ) **"सार्वजनिक शौचालय"** भन्नाले नगरपालिका वा कुनै मन्त्रालय, निजी कम्पनी तथा संस्थाले निर्माण गरी वा गर्न लगाई सार्वजनिक प्रयोगमा ल्याएको वा सामाजिक उत्तरदायित्व अन्तर्गत कुनै निकाय संस्थाले निर्माण गरी सञ्चालनमा ल्याइएका वा व्यापारिक संस्था मल, डिपार्टमेण्ट स्टोर, मार्ट तथा यस प्रकारका बिक्री / प्रदर्शनी स्थलमा सार्वजनिक प्रयोमा रहेका वा प्रेट्रोल पम्प वा सरकारी वा बैंक / वित्तिय संस्थाका कार्यालय भवनमा रहेका सेवाग्राही तथा सर्वसाधरणले प्रयोग गर्ने गरी बनाइएका शौचालयहरुलाई सम्झनु पर्दछ ।

ङ) **"प्रस्तावक"** भन्नाले नगरपालिका भित्र सार्वजनिक शौचालय सञ्चालन र व्यवस्थापन गर्न नगरपालिका समक्ष प्रस्ताव पेश गरेके व्यक्ति, संस्था वा कम्पनीलाई सम्झनु पर्दछ ।

च) **"सञ्चालक"** भन्नाले सार्वजनिक शौचालको सेवा सञ्चालन, रेखदेख, मर्मत सम्भार लगायतको व्यवस्थापन गर्न जिम्मा पाएको प्रस्तावकलाई सम्झनु पर्दछ ।

छ) **"व्यवस्थापक"** भन्नाले प्रचलित कानुन बमोजिम नगरपालिका क्षेत्रभित्र सार्बजनिक शौचालय सञ्चालन र व्यवस्थापनको जिम्मा पाएको व्यक्ति, संस्था वा कम्पनीलाई सम्झनु पर्दछ । सो शब्दले निर्माण पश्चात निश्चित समयको लागि संचालन गर्न जिम्मा पाएको संचालकलाई समेत बुझउदछ ।

ज) **"राजश्व"** भन्नाले यो मागर्दर्शन बमोजिम सार्वजनिक शौचालको सेवा शुल्क वापत संकलन हुन आएको रकम, जरिवाना, बिभिन्न सवारी साधन पार्किङ शुल्क र पसल संचालन बाट आएको आम्दानी तथा यो कार्यविधि प्रचलन बाट प्राप्त हुने ब्याज वा अन्य आम्दानी समेतलाई जनाउँदछ ।

झ) **"सम्झौता"** भन्नाले नगरपालिका र संचालक वा व्यस्थापक बीच भएको सार्वजनिक शौचालय संचालन र व्यवस्थापन सम्बन्धमा गरिएको द्धिपक्षीय वा बहुपक्षीय लिखित करारलाई सम्झनु पर्दछ ।

**३. उद्देश्यः** देहायको उद्देश्य पूर्तिका लागि यो कार्यविधि तयार गरी लागु गरिएको छ ।

क) सार्बजनिक शौचालयहरुको सञ्चालन र व्यवस्थापनको प्रकृया र प्रणाली सम्बन्ध अबधारणागत प्रष्ट कायम गर्न ।

ख) बिभिन्न गाँउ, ठाँउ बाट आउनुभएका मानिसहरुको दिशा पिसाब समुचित व्यवस्थापन गर्न ।

ग) बिभिन्न खालका फरक क्षमता भएका मानिसहरु, महिला, बालबालिका तथा जेष्ठ नागरिकहरुको सार्वजनिक शौचालयमा सहज पहुँच पुर्याउन ।

घ) सार्वजनिक शौचालयको दैनिक व्यवस्थापनमा सुधार ल्याई सेवाको गुणस्तर कायम राख्न ।

**४) व्यवस्थापन विधिः**

१) प्रचलित कानुनको परिधिभित्र रहि नगरपालिकाले आफ्नो क्षेत्रभित्र रहेका वा निमार्ण हुने आफ्नो स्वामित्व वा जिम्मेवारीभित्रको सार्वजनिक शौचालयको व्यवस्थापन देहायको बिधि मध्ये कुनै एक वा एक भन्दा बढी विधिको अवलम्वन गरी गर्न गराउन सकिनेछ ।

क) आफ्नैस्रोत, साधन र क्षमताको प्रयोग गरी नगरपालिका आफैले सञ्चालन र व्यवस्थापन गर्ने ।

ख) व्यवस्थापन करार मार्फत कुनैसंस्था वा कम्पनीलाई दिने ।

ग) निर्माण, स्वामित्व ग्रहण, सञ्चालन र हस्तान्तरण गर्ने ।

घ) प्रचलित काननु बमोजिम नगरपालिकालाई उपयुक्त लागेको अन्य कुनै विधि ।

२) उपदफा (१) को खण्ड (ख), (ग) र (घ) बमोजिम कार्य गर्ने प्रयोजनका लागि नगरपालिका पक्ष भई संझौता गर्दा यो मार्गदर्शमा अन्यत्र लेखिएका कुराहरुका अतिरिक्त देहायमा उल्लेखित विषयलाई अनिवार्य रुपमा सम्झौतापत्रमा उल्लेख गर्नु पर्नेछ ।

क) सार्वजनिक शौचालयको निर्माण, सञ्चालन र व्यवस्थापन गर्दा यो मार्गदशर्नको पूरा पालना गर्ने ।

ख) सार्वजनिक शौचालयको सरसफाई नियमित गरी २४ सै घन्टा शौचालयलाई प्रयोग योग्य बनाई राख्ने ।

ग) सार्वजनिक शौचालयको सरसफाई गर्दा प्रयोग गरिने सामाग्री गुणस्तरयुक्त र मानव स्वस्थ्य मैत्री हुनुपर्ने ।

घ) आवश्यकतानुसार सार्वजनिक शौचालयको नियमित मर्मत संभार गरी २४ सै घन्टा प्रयोग योग्य अवस्थामा राख्ने ।

ङ) सार्वजनिक शौचालयमा प्रयोग रहेका उपकरण तथा अन्य प्रणालीलाई सँधै चालु अवस्थामा राख्ने ।

च) तोकिएको शुल्क भन्दा बढी शुल्क उठाउन नपाउने ।

छ) तोकिएको स्थानमा निर्धारित ढाँचामा मात्र विज्ञापन राख्ने ।

ज) खण्ड (छ) बमोजिम विज्ञापन गर्दा प्रचलित कानुनमा विज्ञापन गर्न निषेध गरिएको विषय वा नेपाल सरकार वा नगरपालिकाले निर्णय गरी विज्ञापन गर्न मनाही गरिएको कुनै पनि विषयमा विज्ञापन गर्न निषेध गर्ने ।

झ) प्रस्ताव आह्वान गर्दा उल्लेख गरिएकोमा बाहेक अन्य अवस्थामा नगरपालिकाले आर्थिक सहयोग वा खर्च व्यहोनेगरी अन्य कुनै सहयोग उपलब्ध नगराउने ।

ञ) सम्झौताको म्याद र म्याद थप गर्ने विधि तथा म्याद अवधि

ट) निर्माण, स्वामित्व ग्रहण, सञ्चालन र हस्तान्तरण (BOOT) तथा निर्माण, सञ्चालन र हस्तान्तरण (BOT) विधि अन्तरगत सार्वजनिक शौचालय निर्माण, सञ्चालन र व्यवस्थापनको जिम्मा लिएका सञ्चालक वा व्यवस्थापकसँग गरिएको सम्झौताको म्याद हस्तान्तणको प्रकृया पूरा नगरी थप नगर्ने ।

ठ) नगरपालिकालाई थप आर्थिक दायित्व सिर्जना हुने तथा नगरपालिकाको हित विपरित हुने विषय समावेश नगर्ने ।

ङ) नगरपालिकाले अनुगमन गरी दिएको सुझाव कार्यान्वयन गर्ने ।

३) उपदफा (१) को खण्ड (ख), (ग), (घ) र (ङ) बमोजिमको विधि अवलम्बन गर्दा इच्छुक प्रस्तावकहरु बिच प्रचलित कानुन बमोजिम प्रतिस्पर्धाबाट हुने गरी गर्नु पर्दछ ।

**५) जनशक्ति व्यवस्थापनः**

१) दफा (७) को उपदफा (१) को खण्ड (ख), (ग), (घ) र (ङ) बमोजिम सार्वजनिक शौचालयको सञ्चालन र व्यवस्थापन गर्न सञ्चालक वा व्यवस्थापकसँग अनुसुची – २ मा उल्लेख गरिय बमोजिम न्युनतम जनशक्ति हुनुपर्दछ ।

२) उपदफा (१) बमोजिमको जनशक्तिलाई काममा लगाउनु पूर्व सञ्चालक वा व्यवस्थापकले त्यस्ता कामदारसँग लिखित करार गर्नु पर्दछ ।

३) सार्वजनिक शौचालयको सञ्चालक वा व्यवस्थापकले नियमित सरसफाई र सञ्चालनमा काम गर्ने कामदारको पेशागत स्वास्थ्य र सुरक्षाको उचित प्रवन्ध गर्नु पर्दछ ।

४) सञ्चालक वा व्यवस्थापकले आफूले काममा लगाएको कामदारलाई करार सम्झौतामा तोकिए बमोजिमको पारिश्रमिक तथा सुविधा उपलब्ध गराउनु पर्दछ तर पारिश्रमिक तोक्दा नेपाल सरकारले तोकेको न्युनतम ज्यालादर भन्दा कम हुनेगरी तोक्न पाइने छैन ।

परिच्छेद–२

## सार्वजनिक शौचालयको वर्गीकरण

**६) सार्वजनिक शौचालयको वर्गीकरणः**

यो कार्यविधि लागु हुनु पूर्व नगरपालिका क्षेत्रभित्र संचालनमा रहेका वा यो कार्यविधि लागु भएपछि निर्माण भएका शौचालयहरुलाई देहाय बमोजिम वर्गिकरण गर्न सक्नेछ ।

**१) बनावटका आधारमा**

क) सानो

ख) मझ्यौला

ग) ठुलो

**२) सुविधाको आधारमा**

क) सामान्य

ख) आधुनिक

ग) स्वचालित वा ई-ट्वाईलेट

३) उपदफा (१) र (२) बमोजिम बर्गिकरण अनुसुचि-१ मा उल्लेख गरिएकोछ ।

## प्रविधि उपयोग, सुविधा तथा प्रोत्साहन

**७) प्रविधि उपयोग गर्नुपर्नेः**

१) सार्वजनिक शौचालयको सञ्चालन र व्यवस्थापनका देहायका क्षेत्रमा वातावरणमैत्री प्रविधि उपयोग गर्ने कार्यलाई सञ्चालक वा व्यवस्थापकले प्राथामिकता दिनु पर्दछ ।

क) नियमित सरसफाई कार्यमा,

ख) स्वच्छ उर्जाको उपयोगमा

ग) स्वचालित पद्दति (Automation) को उपयोगमा

घ) आम्दानी खर्चको व्यवस्थापन र नगरपालिकालाई सो को प्रतिवेदन गर्ने कार्यमा

ङ) आकासेपानी संकलन तथा पानीको किफायती उपयोग गर्ने कार्यमा

च) सार्वजनिक शौचालयलाई प्रयोकर्ता मैत्री बनाउने कार्यमा

छ) वरिपरीको वातावरण स्वच्छ बनाइ राख्ने कार्यमा

**८) सार्वजनिक शौचालयमा हुनुपर्ने सुविधाः**

१) नगरपालिका क्षेत्रभित्रका सार्वजनिक शौचालयहरुमा देहाय बमोजिमको न्युनतम सुविधा हुनु पर्दछ ।

क) सफा पानी, सावुन ऐना, कपडा/झोला झुण्डयाउने हुक

ख) विजुली वत्ति तथा प्रकाश व्यवस्था र क्रस भ्याण्टिलेशन

ग) शौचालय जान आउन प्रयोग हुने सजिलो बाटो

घ) शौचालभित्र ह्वील चेयर घुम्न मिल्ने ठाँउ तथा अन्य प्रयोगकर्तामेत्री सुविधा

ङ) महिनावारी प्याड फेर्ने सुविधा, प्याड फाल्ने भाँडो (विर्को भएको)

च) उठ्न, बस्न सजिलो हुनेखालको व्यवस्था

छ) सजिलो ढोका तथा चुकुल

ज) बुझिनेखालको संङ्केत चिन्ह तोकिएको

झ) म्यानुलमा तोकिए बमोजिमको नियमित सरसफाई

ञ) उचित सुरक्षा प्रवन्ध

२) नगरपालिका क्षेत्रभित्रका सार्वजनिक शौचालयहरुमा संचालक वा व्यवस्थापकले देहाय बमोजिमको थप सुविधा प्रवन्ध गर्न सक्नेछन ।

क) स्नान कक्ष

ख) खुद्रा पसल, सैलनु, व्यटुी पार्लर

ग) चमेना गृह

घ) बिक्री कक्ष

ङ) छोटो समयका लागेज/व्याग राख्ने सुविधा

च) स्याननटरी प्याड डिस्पोजल सुविधा

**९) सरसफाइ विधिः**

१) सञ्चालक वा व्यवस्थापकले सार्वजनिक शौचालयको दैनिक सरसफाईको देहाय बमोजिम उचित प्रवन्ध गर्नुपर्दछ ।

क) सार्वजनिक शौचालय सँधै सफा हुनुपर्ने ।

ख) हरेक दिन विहान शौचालय सेवा शुरु हुनु अघि सफा गर्नुगपर्ने ।

ग) सरसफाईमा प्रयोग हुने सामाग्री पर्याप्त उपलब्ध हनुपर्ने ।

घ) सरसफाईमा प्रयोग हुने सामाग्रीहरु गुणस्तरयुक्त र स्वास्थ्यमैत्री हुनुपर्ने ।

**१०) धुम्रपान क्षेत्र तोक्नु पर्नेः**

१) सार्वजनिक शौचालय परिसरमा संम्भव भएसम्म धुम्रपान क्षेत्र तोक्ने संम्भव नभएमा धुम्रपान निषेधित क्षेत्र तोक्नु पर्नेछ । र तोकिएको क्षेत्रमा प्रष्ट देखिने गरी सङ्केत चिन्ह राख्नु पर्नेछ ।

२) उपदफा (१)बमोजिम धुम्रपान तोकिएको क्षेत्र बाहेक सार्वजनिक शौचालय परिसरमा चुरोट, बिँडि, खैनि, पान पराग तथा अन्य सुर्तिजन्य पदार्थ सेवन गर्न निषेध गरिएको छ ।

३) निषेधित क्षेत्रमा चुरोट, बिँडि, खैनि, पान पराग तथा अन्य सुर्तिजन्य पदार्थ सेवन गरेमा संचालक वा व्यवस्थापकले पहिलो पटक रु १०० दोस्रो पटक रु २०० र तेस्रो पटक रु ५०० जरिवाना गरी सो को निस्सा सम्बन्धित व्यक्तिलाई दिनेछ ।

४) दफा (३) बमोजिम बाट प्राप्त रकम आम्दानी बाँधि सो को विवरण ३ दिन भित्र नगरपालिकालाई दिनुपर्नेछ ।

**११) धुम्रपान मध्यपान र सुर्तिजन्य पदार्थ बिक्ति र विज्ञापनमा निषेधः**

सार्बजनिक शौचालयको बिक्रि कक्षा वा पदर्शनी कक्षको सुविधा भएको अबस्थामा चुरोट, बिँडि, खैनि, पान पराग तथा अन्य सुर्तिजन्य पदार्थ जस्ता स्वास्थ्यका लागि हानिकारक बस्तुहरु बिक्रिबितरण गर्न बिज्ञापन वा प्रर्दशन गर्न निषेध गरिएको छ ।साथै अन्य ठाँउहरु बाट खरिद गरी ल्याई सार्बजनिक शौचालय परिसरमा उपयोग गर्न समेत निषेध गरिएको छ ।

परिच्छेद—३

## सेवा शुल्क निर्धारण तथा राजश्व बाँडफाँड

### १२) सेवा शुल्क निर्धारणः

१) नगरपालिकाको स्वामित्व वा जिम्मेवारीभित्रको सार्वजनिक शौचालयको सेवा शुल्क नगर सभाले तोक्न सक्नेछ ।

२) उपदफा (१) बमोजिम शुल्क निर्धारण गर्नु पूर्व नगरपालिकाले देहायको पिषयमा विश्लेषण गरी सो को आधारमा शुल्क निर्धारण गर्नुपर्नेछ ।

१) सार्वजनिक शौचालयको वर्गिकरण

क) सार्वजनिक शौचालयको निर्माण रकम

ख) सार्वजनिक शौचालयमा उपलब्ध सुबिधा

ग) सार्वजनिक शौचालयमा उपयोग गरिएको प्रविधि तथा उपकरण

घ) सार्वजनिक शौचालयको सरसफाई व्यवस्थापनमा गरिने खर्च

ङ) आन्तरिक प्रतिफल दर र मुनाफा

३) सार्वजनिक शौचालयको सेवा शुल्क नगर सभाले परिवर्तन गर्न सक्ने छ ।

### १३) सेवा शुल्क बाँडफाड सम्बन्धी व्यवस्थाः

सार्वजनिक शौचालयको सेवा शुल्क वापत संङ्कलन रकम तथा अन्य आम्दानीको बाँडफाँड नगरपालिकाले सेवा निर्माण, संचालन र व्यवस्थापनका लागि प्रस्ताव आव्हान गर्दा त्यस्तो प्रस्तावमा तोकेको शर्त वा नगरपालिका र संचालक वा व्यवस्थापक बिचको सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ ।

परिच्छेद–३

## विविध

**१४) सार्वजनिक शौचालय प्रयोगकर्ताले पालना गर्नुपर्ने आचरणहरुः**

१) सार्वजनिक शौचालय प्रयोगकर्ताले शौचालय परिसरभित्र अनुसूची- ४ मा भएबमोजिमको आचरणको पालना गर्नु पर्नेछ ।

२) शार्वजनिक शौचालय प्रयोगकर्ताले उपदफा (१) बमोजिम पालना गर्नु पर्ने आचरणको सूची शौचालय परिसरमा सबैले देख्ने ठाँउमा सार्वजनिक सुचनाकारुपमा टाँस गर्नु वा प्रदर्शन गर्नु पर्दछ ।

३) उपदफा (१) बमोजिमको आचरण उल्लङ्घन गर्ने प्रयोग कर्तालाई प्रति पटक रु १०० जरिवाना र सार्वजनिक शौचालयको सम्पत्तिमा हानी नोक्सानी भएकोमा सो को मर्मत संभार वा नयाँ जडान गर्न लाग्ने सम्पुर्ण खर्च क्षतिपूर्ति वापत असुल गरिनेछ ।

४) उपदफा (३) बमोजिम जरिवाना गरिएको तथा क्षतिपूर्ति वापत रकम आम्दानी बाँधि सो को विवरण ३ दिन भित्र नगरपालिकामा जम्मा जर्नुपर्नेछ ।

**१५) मर्मत कोषको व्यवस्थाः**

शार्वजनिक शौचालयको संचालन वा व्यवस्थापकले कुल मुनाफाको १० प्रतिशत रकम मर्मत संभार कोषमा जम्मा गर्नुपर्नेछ र सो जम्मा कोषबाट नियमित मर्मत संभार गर्नुपर्नेछ । माथी जे सुकै लेखिएको भएतापनी आवश्यकता अनुरुप मर्मत कार्य संचालक वा व्यवस्थापकले योग्य बनाई राख्नु कर्तव्य हुनेछ ।

**१६) सयन्त्र रहनेः**

नगरपालिकामा सार्वजनिक शौचालयको व्यवस्था सम्बन्धि काम गर्न कुनै शाखा वा अन्य कुनै उपयुक्त संस्थागत प्रवन्ध रहनेछ । जस अनुशार अनुगमन समिति निम्न बमोजिम रहन सक्नेछन ।

| | |
|---|---|
| १) संयोजक | नगर प्रमुख |
| २) सदस्य | नगर उप-प्रमुख |
| ३) सदस्य | सम्बन्धित शाखा प्रमुख |
| ४) सदस्य | फोहरमैला व्यवस्थापन शाखा |
| ५) सदस्य | खानेपानी तथा सरसफाई शाखा |
| ६) सदस्य | प्रशासन शाखा |
| ७) सदस्य सचिब | प्रमुख प्रशासकिय अधिकृत |

**१७) सार्वजनिक शौचालय भएका वा संचालन गर्ने अन्य संस्थाको भूमिकाः**

१) आफ्नो भवन वा भवन परिसरमा सार्वजनिक शौचालय भएका कुनै निजि कम्पनी तथा संस्था, व्यापारिक संस्था (मल/डिपार्टमेण्ट स्टोर/प्रदर्शन स्थल) बैंक/वितिय संस्था लगाएतका सार्वजनिक संस्थाका कार्यलयले सार्वजनिक शौचालयको संचालन र व्यवस्थापन गर्न वा गर्न लगाउदा यो कार्यविधिमा उल्लेखित सुविधा मापदण्ड पालना गर्नु पर्दछ ।

२) पेट्रोल पम्प वा भवनमा रहेका सेवाग्रही तथा सर्वसाधाणले प्रयोग गर्ने गरी बनाईएका सार्वजनिक शौचालयको वर्गिकरणको मापदण्ड सम्बन्धी विषय तथा सरसफाई म्यानुलको पालना गर्नु पर्दछ ।

**१८) अनुगमन, मुल्याङ्कन र सुझाव :**

१) नगरपालिकामा रहेको अनुगमन समितिले नगरपालिकाको स्वामित्व वा जिम्मेवारीमा रहेका तथा दफा (१६) बमोजिम संचालन र व्यवस्थापनका बारेमा समय समयमा अनुगमन गर्न सक्नेछ ।

२) अनुगमन समितिले अनुगमनको क्रममा कुनै त्रुटी वा कमी कमजोरी देखेमा त्यस्को सुधार गर्न तत्काल मौखिक वा लिखित सुझाव दिन सक्नेछ ।

३) उपदफा (२) बमोजिम अनुगमन समितिले सुझाव दिँदा नगरपालिकाले गरेको सम्झौता तथा कार्यविधिमा उल्लेखित सरसफाई म्यानुअल र अन्य प्रावधानको परिधिभित्र रहि दिनुपर्नेछ ।

४) उपदफा (३) बमोजिम अनुगमन समितिले दिएको सुझाव सार्वजनिक शौचालयको संचालक वा व्यवस्थापकले कार्यान्वयन गरी सो को जानकारी अनुगमन समितिलाइ दिनुपर्नेछ ।

**१९) संशोधन :**

यो कार्यविधि संशोधन वा परिमार्जन गर्ने अधिकार नगरपालिका नगर कार्य पालिकालाई रहनेछ । र कार्यान्वयनमा कुनै वाधा उत्पन्न भएमा त्यस्तो वाधा फुकाउन नगर कार्यपालिकाले आवश्यक निर्णय लिन सक्नेछ । त्यस्तो निर्णय यो कार्यविधिको अङ्ग हुनेछ ।

**अनुसुची-१**

**दफा (४) को उपदफा (३) सँग सम्बन्धित**

## सार्वजनिक शौचालयको वर्गिकरण मापदण्ड

| क्र. स. | बनावटका आधारमा | | |
|---|---|---|---|
| | सानो | मझ्यौला | ठुलो |
| १ | लोड वियरिङ/कङ्क्रीट फ्रेम/स्टील फ्रेम | कङ्क्रीट फ्रेम/स्टील फ्रेम | कङ्क्रीट फ्रेम/स्टील फ्रेम |
| २ | महिला/पुरुष दुवैका लागि १/१ वटा छुट्टाछुट्टै शौचस्थल भएको | महिला/पुरुष दुवैका लागि २/२ वटा छुट्टाछुट्टै र अपाङ्गमैत्री शौचस्थल भएको | महिला/पुरुष दुवैका लागि ३/३ वटा छुट्टाछुट्टै र अपाङ्गमैत्री/तेस्रो लिङ्गमैत्री शौचस्थल भएको |
| ३ | न्युनतम सुविधा भएको | न्युनतम सुविधा भएको साथै स्नान कक्ष, पसल कक्ष, स्थनपान कक्षाको व्यवस्था भएको | सबै न्युनतम तथा थप सुविधा भएको |
| ४ | शौचालय परिसरमा व्यापारजन्य स्थान नभएको | शौचालय परिसरमा व्यापारजन्य स्थान २ वटा सम्म भएको | शौचालय परिसरमा व्यापारजन्य स्थान ४ वटा सम्म भएको |

| क्र. स. | सुबिधाका आधारमा | | |
|---|---|---|---|
| | सामान्य | आधुनिक | स्वचालित ई-ट्वाईलेट |
| १ | कङ्क्रीट फ्रेम/स्टील फ्रेम | कङ्क्रीट फ्रेम/स्टील फ्रेम | कङ्क्रीट फ्रेम/स्टील फ्रेम |
| २ | सबै न्युनतम सुविधा भएको | सबै न्युनतम सुविधा भएको, पसल कक्ष, स्यानिटरी प्याड उपलब्ध हुने तथा डिस्पोज गर्ने सुविधा भएको | सबै न्युनतम सुविधा भएको, तथा थप सुविधा भएको |
| ३ | फ्लेक्स बोर्ड, वाल पेन्ट जस्ता परम्परागत | विद्युतिय माध्यामबाट विज्ञापन गर्ने सुविधा भएको | विद्युतिय माध्यमबाट विज्ञापन गर्ने सुविधा भएको |

| | | | |
|---|---|---|---|
| | विज्ञापन गर्ने सुविधा भएको | | |
| ४ | शौचालय संचालनमा र सरसफाई प्रविधिको उपयोग नभएको | शौचालय संचालनमा र सरसफाई प्रविधिको सामान्य उपयोग भएको | बिद्युतिय स्वचालित प्रणाली जडान गरिएको |
| ५ | दिशा पिसाब निकासको व्यवस्था नभएको | दिशा पिसाब निकासको लागि ढलको व्यवस्था भएको | दिशा पिसाब निकासको लागि प्रशोधनको व्यवस्था भएको |
| ६ | सरसफाई दैनिक भएको | सरसफाई दैनिक कार्यतालिका अनुसार भएको | सरसफाई दैनिक कार्यतालिका अनुसार स्वचालित रुपमा भएको |

<u>अनुसुची-२</u>

दफा (५) को उपदफा (१) सँग सम्बन्धित

## उपलब्ध हुनुपर्ने जनशक्ति

| सार्बजनिक शौचालयमा बनावट/सुविधाका आधारमा आवश्कय जनशक्ति | | | | | |
|---|---|---|---|---|---|
| क्र.स. | जनशक्ति विवरण | शौचालयको किसिम/कर्मचारी संख्या | | | |
| | | सानो/सामान्य | मझ्यौला/आधुनिक | ठुलो/स्वचालित ई-ट्वाईलेट | कैफियत |
| १ | सरसफाई कर्मचारी | १ | २ | ४ | |
| २ | सुपरभाईजर | १ | १ | १ | |
| ३ | क्यासियर/व्यापारकर्ता | | | | आवश्यकता नुसार |
| ४ | प्राविधिक/सिस्टम अपरेटर | | | | आवश्यकता नुसार |
| ५ | सुरक्षा गार्ड/हेरालु | | | | आवश्यकता नुसार |

<u>अनुसुची-३</u>

दफा (९) को उपदफा (१) सँग सम्बन्धित

## सार्वजनिक शौचालयको सरसफाई कार्यतालिका

१ सार्वजनिक शौचालय हरेक दिन विहान ५:०० बजे देखि राती ८:०० बजे सम्म नगरपालिकाको स्वामित्व वा जिम्मेवारीमा रहेका सार्वजनिक शौचालयहरु प्रयोगका लागि खुल्ला राख्नु पर्दछ ।साथै आवश्यकता अनुसार समय परिर्वतन गर्न सकिनेछ ।

२. सरसफाई कर्मचारीले विहान ५:०० बज्नु अघि नै पुर्ण रुपमा सरसफाई गरिसक्नु पर्नेछ ।

३. सरसफाई कर्मचारी, सञ्चालक वा व्यवस्थापकबाट बुझिलिईएको सामाग्रीको सहि सदुपयोग गर्नुपर्नेछ ।

४. सफाई गर्दा उपयुक्त सामाग्री प्रयोग गरी शौचालयमा रहेका धारा, सिङ्क, वेसिन, कमोड, प्यान, युरिनल तथा अन्य सबै वस्तु नियमित रुपमा सफा गर्नु पर्दछ ।

५. शौचालय परिसर सफाइ गर्दा भुई, भित्ता, सिलिङ, झ्याल-ढोका, विजुली बत्तीको चिम तथा अन्य वस्तुको नियमित सफाई गर्नुपर्दछ ।

६. सफाई कर्मचारीले आवश्यकता अनुसार फोहर हुन बित्तिकै सो स्थानको सफाई गर्नुपर्दछ ।

७. सफाइ कर्मचारीले प्रत्येक ४ घण्टामा एक वास्नादार सामाग्री शौचालय तथा शौचालय परिसरमा छर्कनु वा प्रयोग गर्नुपर्दछ ।

८. सफाइ कर्मचारीले सफाइ सामाग्री तथा वास्नादार सामाग्री प्रयोग गर्दा आफू र शौचालय प्रयोगकर्ताको स्वास्थ्य प्रतिकुल नहुने गरि मात्रा मिलाइ गर्नुपर्दछ ।

९. सफाइ कर्मचारीले आवश्यकतानसुार संङ्केत सूचनाहरु उपयुक्त स्थानमा राख्नुपर्दछ ।

१०. कुनै प्रयोगकर्ताले पालना गर्नुपर्ने आचरणको पालना नगरेमा वा शौचालय वा शौचालय परिसरमा हानी नोक्सानी पु-याउनेकार्य गरेमा सफाइ कर्मचारीले तत्काल रोक्ने र सञ्चालक वा व्यवस्थापक वा निजले खटाएको सुपरभाइजरलाई खवर गर्नुपर्दछ ।

११. सफाइ कर्मचारीले शोचालय परिसरमा रहेका फुल, विरुवा तथा वगैंचाको गोडमेल तथा रेखदेख गर्नुपर्दछ ।

१२. शौचालय परिसरमा रहेका धारा, ऐना, चकुल, हुकु तथा कुनै कुनै संरचना बिग्रेमा वा टुटफुट हुन गएमा सो को सूचना तत्काल सञ्चालक वा व्यवस्थापकलाई दिनु पर्दछ ।

१३. सफाई कर्मचारीले सफाइ कार्यमा प्रयोग हुने औजार, उपकरण तथा सामाग्री जिम्मा लिई प्रयोग गर्नुपर्ने कर्तव्य हुनेछ ।

१६. यो म्यानुलको पुर्ण कार्यान्वयन गर्न संचालक, व्यवस्थापक वा नगरपालिकाको व्यवस्थापकले एकिन गर्नुपर्ने छ ।

<u>अनुसुची-४</u>

दफा (१२) को उपदफा (१) सँग सम्बन्धित

## सार्वजनिक शौचालयको सेवा शुल्क निधारण

१. सार्वजनिक शौचालय प्रयोगकर्ताले तोकिएको शुल्क तिरी शौचालय सेवा उपयोग गर्नुपर्दछ ।

२. पिसाब शुल्क रु ५/-

३. दिशा शुल्क रु १०/-

४. स्नान शुल्क रु १००/-

५. बाईक, स्कुटी पार्किङ्ग शुल्क रु १०/- (एक पटकको)

६. सानो भेहकलहरु (अटो,भेन,जिप,कार र स्कारपियो) पार्किङ्ग शुल्क रु २०/- (एक पटकको)

७. ठुलो भेहकलहरु (ट्याक्टर,बस ट्रक,टिप्पर,डोजर र एक्साभेटर) पार्किङ्ग शुल्क रु ५०/- (एक पटकको)

८. प्रत्येक दिन पार्किङ्गको लागि मासिक रु ६००,८००,१२००/- (मासिक)

**नोट** : सुरक्षा निकाय तथा विपत व्यवस्थापन कार्यमा खटिने जुनसुकै सवारी साधनहरुमा पार्किङ्ग शुल्क लाग्ने छैन ।

## अनुसुची-५

दफा (१४) को उपदफा (१) सँग सम्बन्धित

# सार्वजनिक शौचालय प्रयोगकर्ताले पालना गर्नुपर्ने आचरणहरु

१. सार्वजनिक शौचालय प्रयोगकर्ताले तोकिएको शुल्क तिरी शौचालय सेवा उपयोग गर्नुपर्दछ ।

२. शौचालय परिसरमा कुनै प्रकारको हो-हल्ला वा झै-झगडा वा कसै प्रति पनि कुनै खालको अमर्यादित व्यवहार गर्नुहुदैन ।

३. शौचालय परिसरभित्र जथाभावी थुक्ने तथा फोहर गर्नुहुदैन ।

४. प्रयोगकर्ताले पान, सर्ती, खैनी तथा गुटेखा खाएर शौचालय परिसरमा जथाभावी थुकेनु वा फोहर गर्नुहुदैन ।

५. शौचालय वा शौचालय परिसरभित्र निर्दिष्ट स्थानमा बाहेक अन्यत्र धुम्रपान वा मद्यपान गर्नुहुदैन ।

६. आफुले शौचालय प्रयोग गरिसकेपछि यथोचित सरसफाइ गरि अको प्रयोगकर्ताका लागि प्रयोग योग्य बनाइदिनु पर्दछ ।

७. शौचालय वा शौचालय परिसरभित्र रहेका धारा, ऐना, चकुल, हुक तथा अन्य कुनै पनि सामाग्री र संरचना बिग्रार्ने वा तोडफोड गर्ने वा खराव नियत राखी निकाल्ले वा उप्काउने कार्य गर्नुहुदैन ।

८. आफूले प्रयोग गर्नु अघि वा प्रयोग गर्ने क्रममा धारा, ऐना, चुकुल, हुक तथा अन्य कुनै पनि सामाग्री र उपकरण बिग्रीएको पाइएमा तत्काल सफाइ कर्मचारी वा सुपरभाइजरलाई जानकारी दिनु पर्दछ ।

९. शौचालय वा शौचालय परिसरभित्र अनावश्यक रुपमा बस्नु हुदैन ।

१०. शौचस्थलमा महिला, पुरुष वा अन्य प्रकारको प्राथमिकता छुट्याइएकोमा सोही अनुसार उपयोग गर्नु पर्दछ ।

११. शौचालय वा शौचालय परिसरमा रहेका अन्य प्रयोर्कतागको गोवनीयता वा सुरक्षा मर्यादामा आचँ आउने कुनै कार्य गर्नुहुदैन ।

१२. शौचालयनभत्र प्रयोगकर्ताले ढोका खोल्दा वा लगाउँदा वा उपयोग उपयोग गर्न पाउने कुनै सामग्री वा उपकरण उपयोग गर्दा सावधानीपूर्वक तथा किफायतीपूर्वक गर्नु पर्दछ ।

१३. शौचालय परिसरमा रहेको बगैंचा तथा फुल, विरुवा र गमलामा हानी पुर्याउने कार्य गर्नुहुदैन ।

१४. शौचालय सफाइ तथा सञ्चालनमा खटिएका कर्मचारीहरु सँग मित्रवत एवं सहयोगी व्यवहार गर्नु पर्दछ ।

१५. झोला वा लगेज राख्ने लकर सुविधा भएको अवस्थामा वाहेक आफ्नो सामानको सुरक्षा प्रयोकर्ता आफैंले गर्नुपर्दछ ।

१६. शौचालय परिसरमा रहेको शुल्क तिरी प्राप्त गर्न सकिने भनी तोकिएको सेवा उपयोग गर्न प्रयोगकर्ताले तोकिएको शुल्क तिर्नु पर्दछ, अन्यथा त्यस्तो सेवा प्रदान गर्न सञ्चालक वा व्यवस्थापक बाध्य हुनेछैन ।

प्रमानिकरण मिति: २०७९/०३/०२

आज्ञाले

**(लिलाधर बबाल)**

नि.प्रमुख प्रशासकिय अधिकृत